## देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८२ जेष्ठ १३ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्नको लागि मिति २०८२/०२/२६ गते नगरसभाको १६ औं अधिवेशन आह्वान गर्ने। | |
| २(क) | नारायणघाट बुटवल सडक आयोजना (पश्चिम खण्ड), बर्दघाट नवलपरासीलाई तोकिए अनुसारको राजश्व दस्तुर लिई बुटवल नारायणगढ सडक (पश्चिम खण्ड) को क्षेत्रमा प्रयोग हुने गरि श्री चाइना स्टेट कन्स्ट्रक्सन इनर्जि कर्पोरेसन लि. लाई ए.एन. कन्स्ट्रक्सन प्रा.लि. मार्फत नदीजन्य पदार्थ उपलब्ध गराउन देवदह नगरपालिका र ए.एन. कन्स्ट्रक्सन प्रा.लि.बीच नदीजन्य पदार्थ खरिद विक्री सम्बन्धि सम्झौता गर्ने र नदीजन्य पदार्थ ढुवानीको लागि भारी यन्त्र तथा ढुवानीका साधन प्रयोग गर्न दिने। | |
| २(ख) | जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८१/०१/२२ को निर्णय नं. ८ बमोजिम परिमाणमा नबढ्ने गरि तोकिए अनुसारको राजश्व दस्तुर लिई भगवानपुर-खैरेनी-धकधई सडक खण्डको क्षेत्रमा प्रयोग हुने गरि बानियाँ निर्माण सेवा प्रा.लि., हेटौँडालाई नदीजन्य पदार्थ उपलब्ध गराउन देवदह नगरपालिका र बानियाँ निर्माण सेवा प्रा.लि., हेटौँडा बीच नदीजन्य पदार्थ खरिद विक्री सम्बन्धि सम्झौता गर्ने र नदीजन्य पदार्थ ढुवानीको लागि भारी यन्त्र तथा ढुवानीका साधन प्रयोग गर्न दिने। | |
| २(ग) | "Rehabilitaion of Parallel Taxiway, Apron along with construction of Road, Bridge and other associated works at Bhairahawa, Rupandehi" आयोजनामा प्रयोग हुने गरि Ashish-Kshamadevi-Buddha Himali J/V, Bharatpur लाई नदीजन्य पदार्थ उपलब्ध गराउन देवदह नगरपालिका र Ashish-Kshamadevi-Buddha Himali J/V, Bharatpur बीच नदीजन्य पदार्थ खरिद विक्री सम्बन्धि सम्झौता गर्ने र नदीजन्य पदार्थ ढुवानीको लागि भारी यन्त्र तथा ढुवानीका साधन प्रयोग गर्न दिने। | |
| २(घ) | एन.एस.एस. बिल्डर्स प्रा.लि., गल्याङ्ग-१, स्यङ्गजालाई देवदह-१२ सिक्टहन खण्ड ३ को सट्टा खण्ड २ बाट खण्ड ३ अनुसारको १३०० घ.मि. नदीजन्य पदार्थ (भस्कट) उपलब्ध गराउने। | |
| ३ | यस नगरपालिकाको वडा नं. ८ अन्तरगत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्न योग्य जग्गाहरुमध्ये ब्लकहरुबाट नापनक्सा कार्य सुरु गर्न भूमि समस्या समाधान आयोग जिल्ला समिति, रुपन्देहीमा सिफारिस गर्ने। | |
| ४ (क) | देवदह नगरपालिका वडा नं. ५ निवासी शिवराम चापागाईको गोठमा आगोलागी हुँदा गोठमा रहेको पराल, गहुँको भुस, मसुरोको भुस र गोठमा रहेका काठ समेत जली नष्ट भएको हुँदा निजलाई आर्थिक सहायता स्वरुप रु. बीस हजार उपलब्ध गराउने। | |

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| ४ (ख) | देवदह नगरपालिका वडा नं. ६ निवासी कृष्ण बहादुर क्षेत्रीको बुहारी सूर्य क्षेत्रीको पत्नी गिता क्षेत्रीको उपचारको लागि रु. बीस हजार  आर्थिक सहायता उपलब्ध गराउने। | |
| ४ (ग) | मिति २०८२/०१/१३ देखि १५ गतेसम्म लुम्बिनीमा संचालित चौथो एसियन बौद्धिष्ठ सांस्कृतिक महोत्सवमा देवदहसँग सम्बन्धित चित्र प्रदर्शनीका लागि ड्रिम देवदह "युनिटि फर चेन्ज", देवदह-७, रुपन्देहीलाई रु. पचास हजार मात्र उपलब्ध गराउने। | |
| ४ (घ) | चालु आ.व. मा उपप्रमुखसँग महिला कार्यक्रम र न्यायिक समिति शिर्षकमा रकम विनयोजन भई कार्यपालिकाको निर्णयानुसार बजेट बाँडफाँड भएका आयोजना/कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन हुने गरि संशोधन गर्ने। | |
| ४ (ङ) | जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीबाट प्राप्त अनुगमन प्रतिवेदन उपर छलफल। | |
| ४ (च) | देवदह नगरपालिका वडा नं. ५ स्थित बुद्ध सामुदायिक वन क्षेत्रभित्र पर्ने जग्गालाई ल्याण्डफिल्ड साइटको रुपमा प्रयोगलाई निरन्तरता दिने। | |